# बाली संरक्षण समिति नेपाल
# Plant Protection Society Nepal

हरिहरभवन, ललितपुर - २०५९
Hariharbhawan, Lalitpur - 2003

पत्र संख्या Ref. No. ९५-२०७९/८०  मिति Date

मितिः २०७९ फागुन २३ गते

**बिषयः मौरी पालन विधा सम्बन्धमा ।**

**श्रीमान् सम्माननिय सभामुखज्यू , प्रतिनिधि सभा, नेपाल ।**
**श्रीमान् सम्माननिय अध्यक्षज्यू , राष्ट्रिय सभा, काठमाण्डौ ।**
**श्रीमान् महासचिवज्यू , संघीय संसद सचिवालय, सिंहदरबार काठमाण्डौ ।**
**श्रीमान् समिति सचिवज्यू , विधायन व्यवस्थापन समिति, राष्ट्रिय सभा, काठमाण्डौ ।**
**श्रीमान् सचिवज्यू , (कृषि विकास), कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार ।**

प्रस्तुत बिषयमा बाली संरक्षण समिति नेपाल (Plant Protection Society Nepal) बाली संरक्षणको क्षेत्रमा कृयाशिल संस्थाको रुपमा बि.सं. २०५९ देखि कार्यरत रहेको व्यहोरा अवगत नै छ। कृषिजन्य वस्तुहरुको उत्पादनमा व्यवसायिक कीट बिशेष गरी मौरीको अहम भूमिका रहन्छ। मौरीपालन आँफैमा एक छुट्टै व्यवसाय हुनुको अलावा कृषि व्यवसायको पूरक व्यवसाय पनि हो। नेपालको कृषि क्षेत्रको सन्तुलित विकासका लागि मौरी र मौरी पालनबाट उपलब्ध हुने मौरीजन्य उत्पादन र पर्यावरणिय सेवाको भरपुर उपयोग हुन जरुरी देखिन्छ। यसै सन्दर्भमा विगत देखि बाली संरक्षण विधा अन्तर्गत रहि आएको मौरी पालन तथा व्यवसायिक कीटलाई अझ व्यवसायिक, आधुनिक र औद्योगिकीकरण तर्फ केन्द्रित गर्नु आवश्यकता रहेको छ। यस परिप्रेक्षमा शंक्रामक पशु रोग नियंत्रण ऐन, २०७९ को मस्यौदा विधेयकमा मौरीलाई पशु सेवा तर्फ समावेस गरि पेश गरिएको विषयमा प्लान्ट प्रोटेक्सन सोसाईटी नेपालको गम्भीर ध्यानाकर्षण भएको छ।

मौरीपालन व्यावसाय नेपालको पुर्ख्यौली पेशा भएको, प्राकृतिक चरनको उपलब्धता, उपयुक्त हावापानी आदि कारणले गरीब जनताको जीवनस्तर उकास्नमा मद्दत पुगोस् भन्ने हेतुले आर्थिक बर्ष २०२२/०२३ देखि कृषि विभागबाट सामान्य सेवा टेवा प्रदान गर्दै वि.सं. २०२९ साल बाट आयोजना स्तरमा मौरीपालको आधुनिकीकरण प्रारम्भ भएको हो। मौरीपालन व्यावसायको विकास र विस्तारका लागि विशेष मौरीपालन कार्यक्रमको रुपमा २०३७सालमा ३८/ स्थापना भइ हाल मौरी विकास केन्द्र कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विभाग र व्यावसायिक कीट विकास केन्द्र अन्तर्गत सञ्चालनमा रहेको छ। मौरीपालन व्यवसायलाइ दिशा निर्देश गर्न राष्ट्रिय कृषि नीति २०६१, कृषि व्यवसाय प्रवर्धन नीति २०६८, कृषि जैविक विविधता नीति २०७० र कृषि विकास रणनीति २०७२ लाइ समेत आधार बनाइ मौरी प्रवर्धन नीति २०७३ लागु गरिएको अवस्था छ।

कृषि पेशालाई व्यावसायिक रुपमा विकास गर्न कृषकहरुको श्रम तथा स्थानीय श्रोत साधनको सदुपयोग गरि आर्थिक विकासमा टेवा पुर्याउन औद्योगिक महत्वका रेशम, मौरी र च्याउ जस्ता बालीहरुको विकासको लागि सही नीति निर्देशन एवं प्राविधिक सेवा विस्तार गर्ने उद्देश्यले वि.सं. २०५२/४/१ मा कृषि विभाग अन्तर्गत व्यावसायिक कीट विकास महाशाखाको रुपमा स्थापना भई सचालन हुदै आएको यो कार्यालय वि.सं. २०५७/४/१ देखि व्यावसायिक कीट विकास निर्देशनालय नामाकरण भई कार्यरत रही आएको र २०७४/४/१ देखि देशको सघीय नयां सागठनिक संरचना अनुसार व्यवसायीक कीट विकास केन्द्रको रुपमा काम गर्दै आएको छ। उक्त क्षेत्रमा कृषि सेवा वाली संरक्षण समूहका कर्मचारीहरुले विज्ञता हासिल गरी सञ्चालन भइआएको छ।

मौरीपालन एकल व्यवसायको रुपमा मात्र नभएर विभिन्न वालीहरु तथा वागवानी फार्महरुमा समेत पराग सेचकको रुपमा परीपूरक व्यवसायको रुपमा स्थापित भएको र हालका दिनहरुमा मौरी चरनमा समेत लग्ने र परागसेचनमा सहयोग गर्नुका साथै मह संकलन गर्ने व्यवसाय समेत विस्तार हुँदै गएको छ। मौरी पालन बिषय शैक्षिक रुपमा बाली संरक्षण विषय अन्तर्गत रहेको, लोक सेवा आयोगको पाठ्यक्रम र निजामती सेवाको नेपाल कृषि, बाली संरक्षण समूहमा रहेको साथै नेपाल कृषि अनुसन्धान परिषद अन्तरगत कीट विज्ञान अनुसन्धान केन्द्र मार्फत अध्ययन अनुसन्धानका कार्यहरु गर्ने जिम्मेबारी रहेको छ। कृषिजन्य

# बाली संरक्षण समिति नेपाल
# Plant Protection Society Nepal

हरिहरभवन, ललितपुर - २०५९
Hariharbhawan, Lalitpur - 2003

पत्र संख्या
Ref No

मिति
Date


बाली उत्पादनमा यसबाट प्राप्त हुने परागसेचनलाई अलग्याएमा दीगोपनामा खलल पुग्ने लगायतका विषय आँकलन गर्दा मौरी पालन बाली संरक्षण विधाको एक महत्वपुर्ण अंगको रुपमा प्रथामिकताका साथ अगाडी बढिरहेको र अझ बढि बढाउन आवश्यक भएको व्यहोरा अनुरोध गर्दछौं।

जसरी चरनलाई पशुपालनको विकासको लागि पशुपालन विधा भएको पशु सेवा विभागले हेर्ने गरि व्यवस्था गरिएको छ त्यसै गरेर कृषि बालीको उत्पादनलाई बृद्दि गर्नको लागि मौरी पालन कृषि बाली हेर्ने कृषि विभागले नै हेर्नु को विकल्प देखिंदैन। यसका अतिरिक्त निकासी पैठारीको सम्बन्धमा बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन, २०६४ पर्याप्त नियमनको व्यवस्था रहेको र सो को नियमन कार्यमा समेत उक्त विषयमा विज्ञता हासिल गरेका वाली संरक्षण क्षेत्रका पदाधिकारीहरुबाट नियमन हुने व्यवस्था भएकोमा मौजुदा कानुनी व्यवस्थाको विपरीत अर्को कानुनमा सम्बोधन गर्नु उपयुक्त हुने देखिंदेन। प्राणीजगत् अन्तरगत पर्ने वहानामा शक्रामक पशु रोग व्यवस्थापन ऐनमा समावेश गर्ने हो भने भोलीका दिनहरुमा रेशम कीरा, लाहा कीरा तथा समस्त कीट विज्ञान को विधालाइ पनि पशुसेवा विभाग अन्तरगत लग्नु पर्ने हुन जान्छ जुन कुनै पनि अन्तरराष्ट्रिय मूल्य, मान्यता, प्रचलन र व्यवस्थाहरुसँग मेल खान सक्दैन र सम्भव पनि देखिंदैन।

संक्रामक पशु रोग नियन्त्रण (मस्यौदा ) बिधेयक, २०७९ को परिभाषा अन्तरगत "विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा, (क) "**पशु**" भन्नाले जुनसुकै प्रकारका पाल्तु वा जङ्गली जनावर सम्झनु पर्छ र सो शव्दले पन्छी, **मौरी** र माछा समेतलाई जनाउँदछ" भन्ने व्यहोरा उल्लेख भएको छ। यसैगरी "अनुसूची १ बहुजातीय पशुहरुमा लाग्ने संक्रामक रोगहरु" को तालिकको क्रमसंख्या ३१, ३२ र ३३ मा निम्न बमोजीमका रोगहरुको उल्लेख भएको छ।

| क्र स | मौरीका रोगहरु | कैफियत |
|---|---|---|
| ३१ | मेलिसोकोकोसिस (युरोपियन फाउल ब्रोड) | |
| ३२ | अकारापिसोसिस | |
| ३३ | भारोसिस | |

उपरोक्त रोगहरु बहुजातीय पशुहरुमा लाग्ने नभइ मौरीमा मात्र लाग्ने रोगहरु हुन सोको संक्षिप्त विवरण यस प्रकार रहेको छ।

- *Melissococcus plutonius* प्रजातीका व्याक्टेरीयाबाट लाग्ने यो रोग मौरीको लार्भा मा मात्र लाग्ने गर्दछ।
- *Acarapis woodi* प्रजातीका आन्तरीक परजिवी सुलसुले बाट लाग्ने रोग मौरीमा मात्र लाग्ने गर्दछ।
- Varroa mites (*Varroa destructor and V. jacobsoni*) प्रजातीका सुलसुलेका कारणले लाग्ने यो रोग मौरीको बिषेशत लार्भा र प्यूपामा आक्रमण गर्ने र वंशवृद्धि गर्ने क्रममा विकृत वनाउने र कमजोर बनाउने गर्दछन र मौरीमा रोग सार्ने समेत गर्दछन्।

अर्कोतर्फ हाले मात्र संशोधन भएको बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन,२०६४ मा देहायको व्यवस्थाहरु रहेको व्यहोरा जानकारीको लागि अनुरोध छ।

- दफा २ को (छ) मा "लाभदायक कीरा भन्नाले मौरी, रेशम कीरा,लाहा कीरा जस्ता कीराहरु सम्झनु पर्दछ" भनी परिभाषित गरिएको छ।
- दफा ६ (२) मा राष्ट्रिय बिरुवा संरक्षण संगठनको काम कर्तव्य र अधिकार अन्तरगत (ख) मा "बिरुवा बिरुवाजन्य उपज, बायोलोजिकल कन्ट्रोल एजेण्ट, लाभदायक कीरा र अन्य वस्तुको परीक्षण, जाँच, परीक्षण र उपचार सम्बन्धी निर्देशिका तयार गरी लागू गर्ने" व्यहोरा उल्लेख छ। यसैगरी (ङ) मा "बिरुवा बिरुवाजन्य उपज, बायोलोजिकल कन्ट्रोल एजेण्ट, लाभदायक कीराको ओसार पसार र प्रयोग सम्बन्धि शर्त तथा बन्देज तोक्ने " तथा (च) मा "बिरुवा बिरुवाजन्य

*Regd. No. 93/059 DAO, Lalitpur; Email: plantprotectionsociety.nepal@gmail.com*

बाली संरक्षण समिति नेपाल
Plant Protection Society Nepal
हरिहरभवन, ललितपुर - २०५९
Hariharbhawan, Lalitpur - 2003

पत्र संख्या
Ref No

मिति
Date

उपज, बायोलोजिकल कन्ट्रोल एजेण्ट, लाभदायक कीरा र अन्य वस्तु सम्बन्धि कामको राष्ट्रिय समन्वयकर्ताको रुपमा काम गर्ने" जिम्मेवारी प्रदान गरीएको छ।

- यसैगरी उक्त लाभदायक कीरा अन्तरगत पर्ने मौरी लगायतका जीवहरुको सम्बन्धमा देहायका व्यवस्थाहरु रहेको व्यहोरा अनुरोध छ।
- दफा ७ को (१), (२) र (३) मा प्रवेश अनुमति पत्र लिनु पर्ने व्यवस्था रहेको छ।
- दफा ८ मा प्रवेश अनुमति पत्रका लागि निवेदन दिनुपर्ने प्रावधान रहेको छ।
- दफा ११ मा प्रवेश अनुमति लिइ नाकामा ल्याइएका कन्साइन्मेन्टलाइ नेपालभित्र पैठारी गर्नु पूर्व तोकिए बमोजीम अनुमति लिनु पर्ने व्यवस्था रहेको छ।
- दफा १२ मा निकासी वा पुन: निकासीका लागि स्वस्थता प्रमाण पत्र लिन सक्ने व्यवस्था रहेको छ ।
- दफा १५ मा निरीक्षकको काम कर्तव्य तथा अधिकारमा निरीक्षण परिक्षण उपचार तथा आवश्यक परेको अवस्थामा नष्ट गर्ने वा फिर्ता पठाउने समेतको अधिकार प्रदान गरिएको छ।
- दफा २० मा क्वारेन्टाइन शत्रुजीव प्रभावित क्षेत्रमा शत्रुजीवको नियन्त्रण सम्बन्धि व्यवस्था रहेको छ।
- दफा २२ मा कसूर र दण्ड सजाय सम्बन्धि व्यवस्था रहेको छ।
- दफा २४ मा जफत गरी नष्ट गर्ने सम्बन्धि व्यवस्था
- दफा २५ मा खर्च व्यहोर्नु पर्ने सम्बन्धि व्यवस्था
- दफा २६ मा विविध अन्तरगत रकम जम्मा गराउन सक्ने सम्बन्धि व्यवस्था
- दफा ३२ मा भन्सार सम्बन्धि कार्यको बारेमा आवश्यक व्यवस्था समेत रहेको छ।

राष्ट्रिय र अन्तराष्ट्रियस्तरमा मौरीपालनलाई कृषि विश्वविधालयहरुले कीट विज्ञान (Agricultural Entomology/Industrial Entomology) विधामा राखेर अध्ययन अध्यापन गर्ने गरेका छन् र त्यसै अनुरुप नेपालमा पनि वाली संरक्षण अधिकृतहरु मौरी विज्ञको रुपमा तैयार परिएकोले र उत्पादनलाई ह्रास हुन नदिन मौरी पालन विधा कृषि विभाग अन्तर्गत रहि यथास्थितिमा कार्यक्रम संचालन गर्नुपर्ने आवश्यक रहेको र बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन तथा नियमावली सञ्चालन गर्ने प्लान्ट क्वारेन्टाइन तथा बिषादी व्यवस्थापन केन्द्र अन्तरगत विज्ञ जनशक्ती समेत रहेको हुँदा मौजुदा कानुन बमोजीम हुने गरी उक्त विधेयकको मस्यौदाबाट मौरी शब्द र माथि उल्लेखित मौरी सम्बन्धि विषयहरु हटाउन प्लान्ट प्रोटेक्सन सोसाईटी, नेपालले जोडदार माग राख्दै बिनम्र अनुरोध गर्दछ।

डा. डिल्लीराम शर्मा
अध्यक्ष